

# अध्याय -८

## येशूको बारेमा बढी गवाहीहरू

यस अध्यायका मुख्य पदहरूः यूहन्ना ३:२५-३६, यूहन्ना १:३२-३६, दानिएल ७:१८, यूहन्ना ६:५१-७१, यूहन्ना ५:३६-३८ र यूहन्ना ७:३७-५३।

*यस अध्यायको मूल सार पदः "अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु।" यूहन्ना १२:३२।*

येशूले आफ्नो बारेमा क्रान्तिकारी र मौलिक भावनाहरू व्यक्त गर्नुभएको थियो। यो कुनै पनि मानव प्राणीले व्यक्त नगरेका वा व्यक्त गर्न उचित थियो। उहाँले व्यक्त गर्नुभएका अचम्म लाग्दो मन्तव्यहरूमा उहाँ को हुनुहुन्छ, उहाँलाई कसले खटाउनुभयो वा पठाउनुभयो र कहाँबाट आउनुभयो भनेर जिकिर गर्नुभएको थियो। उहाँ को हुनुहुन्छ भनेर प्रमाणित गर्न उहाँले अनेकौं अलौकिक वा आश्चर्य कामहरू गर्नुभएको थियो। उहाँले विभिन्न चिन्हहरूद्वारा आफ्नो पहिचानलाई प्रस्तुत गर्नुभएको थियो। धेरै मानिसहरूले उहाँको गवाही यसरी दिएका थिए, " भीड़का धेरै मानिसहरूले उहाँमाथि विश्वास गरे। तिनीहरूले भने, "जब ख्रीष्ट आउनुहुन्छ, तब के यिनले गरेका चिन्हहरूभन्दा बढ़ी चिन्ह उहाँले गर्नुहोला र?" यूहन्ना ७:३१।

आफू को हो भनेर आफ्ना सत्य भनाइहरूद्वारा देखाउन वा प्रमाणित गर्न उहाँले आफ्नै कामद्वारा पुष्टि गर्नुभएको थियो।

जब येशूको जीवनको नाटक चलिरहेको थियो, तब उहाँको बारेमा मानिसहरूमा विभाजन पनि आएको थियो। जब येशूले बेथसैदाको जलकुण्डमा

पक्षपातले ग्रष्त भएको मानिसलाई निको पार्नुभयो तब धार्मिक अगुवा, धर्मगुरु, पुजारी र पण्डितहरू उहाँ प्रति डाहाले गुटमुटिएर उहाँमाथि आक्रोस व्यक्त गर्न पुगेको थियो। ५०००लाई ख्वाउनुभएपछि उहाँको बारेमा कपर्नूममा जे छलफल भयो त्यसले गर्दा भीडले नै येशूलाई अस्वीकार गर्न पुगेको थियो। लाजरसको पुनरुत्थानमा कतिपयले येशूलाई विश्वास गरेतापनि उहाँको विरोध गर्ने धार्मिक गिरोहले उहाँ प्रति शत्रुभाव राख्न सघाउन पुगेको थियो। त्यसको फलस्वरूप उहाँलाई पक्रेर, उहाँमाथि मुद्दा चलाएर उहाँलाई क्रूसमा टाँग्ने फैसला भएको थियो।

***यस अध्यायमा उहाँका अलौकिक काम र वचन सुन्नेहरूको थप गवाहीहरू यस अध्यायमा हामी हेर्नेछौं। येशूका प्रत्येक अलौकिक वा आश्चर्य काममा उहाँ को हुनुहुन्छ भनेर प्रकट गरिएको छ साथै उहाँ मसीह हुनुहुन्छ भन्ने अझ गहिरो आत्मज्ञान प्रकट गरिएको हामी पाउँनेछौं।***

## १. मानव नम्रताको उत्कृष्ट उदाहरणः बप्तिस्मा दिने यूहन्नाले उहाँको बारेमा फेरि गवाही दिन्छन्

बप्तिस्मा दिने यूहन्नाको गवाहीले येशूका पहिला चेला हुन आन्द्र्यु, यूहन्ना, पत्रुस, फिलिप र नथानेल सरिक हुन पुगेका थिए भनेर अध्याय २मा हामी हेऱ्यौं। येशूको बारेमा गवाही दिएपछि बप्तिस्मा दिने यूहन्ना पन्छिने छन् भनेर धेरैले अपेक्षा गर्न सक्छ होला तर उनी यूहन्नाको सुमसाचारमा धेरै पल्ट देखा परेको पाइन्छ।

**यूहन्ना ३:२५-३६ पढ्नुहोस्। बप्तिस्मा दिने यूहन्ना आफू येशूसँग जोरी खोज्न वा प्रतिस्पर्धा गर्न होइन तर उहाँको सामु आफू को हो भनेर आफूलाई उहाँसँग तुलना गर्न पुगेको थियो। हेर्नुहोस्: "२५ त्यसै बेला यूहन्नाका चेलाहरूको एउटा यहूदीसँग शुद्धीकरणको विषयमा वाद-विवाद भयो। २६ यूहन्नाकहाँ आएर तिनीहरूले उनलाई भने, "गुरुज्यू, यर्दन पारि जो तपाईंसँग हुनुहुन्थ्यो, जसको बारेमा तपाईंले गवाही दिनुभयो, हेर्नुहोस्, उहाँले बप्तिस्मा दिइरहनुभएको छ, र सबै उहाँकहाँ जाँदैछन्।" २७ यूहन्नाले जवाफ दिए, "मानिसलाई स्वर्गबाट नदिइएसम्म त्यसले कुनै कुरा पाउन सक्दैन। २८ 'म ख्रीष्ट होइनँ, तर म उहाँभन्दा अगाडि पठाइएको हुँ' भन्ने मेरो गवाही तिमीहरू आफै दिन्छौ। २९ जससँग दुलही छ, दुलहा त्यही हो। दुलहाको मित्र जो उसको छेउमा खड़ा हुन्छ, उसको सोर सुनेर अत्यन्त आनन्दित हुन्छ। यसकारण मेरो यो आनन्द अब पूर्ण भएको छ। ३० उहाँ बढ्नु, तर मचाहिँ**

**घट्नु आवश्यक छ। ३१ "माथिबाट आउनुहुनेचाहिँ सबैभन्दा उच्च हुनुहुन्छ। पृथ्वीबाट हुने पृथ्वीकै हो, र पृथ्वीकै कुरा बोल्छ। स्वर्गबाट आउनुहुने सबैभन्दा उच्च हुनुहुन्छ। ३२ उहाँले जे देख्नु र सुन्नुभएको छ, त्यसको गवाही उहाँ दिनुहुन्छ, तर उहाँको गवाही कसैले ग्रहण गर्दैन। ३३ जसले उहाँको गवाही ग्रहण गरेको छ, त्यसले परमेश्वर सत्य हुनुहुन्छ भन्ने कुराको प्रमाण दिन्छ। ३४ किनभने जसलाई परमेश्वरले पठाउनुभयो, त्यसले परमेश्वरका वाणी बोल्दछ, किनकि परमेश्वरले विनानाप पवित्र आत्मा दिनुहुन्छ। ३५ पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र सबै थोक उहाँकै हातमा दिनुभएको छ। ३६ जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। जसले पुत्रको आज्ञापालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ।"**

शुद्धिकरणको विषयमा बप्तिस्मा दिने यूहन्नाहरूका चेलाहरू र नाम नदिएको यहूदी धर्मगुरुसँग वादविवाद भएको थियो। यो विषय इसाईहरूको बीचमा मुक्ति पाउन के बप्तिस्मा मात्र पर्याप्त छ भनेर वादविवाद भएको जस्तै हो। तर बप्तिस्मा पाप मोचन भन्दा पश्चात्ताप गर्ने र पापको स्वीकार गर्ने अवसर मानिसहरूलाई दिएको हो। मर्कूस १:४,५ ले यसरी स्पष्ट पार्दछः "बप्तिस्मा-दिने यूहन्ना पापमोचनको लागि पश्चात्तापको बप्तिस्मा प्रचार गर्दै उजाड-स्थानमा देखा परे। समस्त यहूदिया देश र यरूशलेमका सबै बासिन्दाहरू तिनीकहाँ निस्किआए। र तिनीहरूले आ-आफ्ना पाप स्वीकार गर्दै तिनीबाट यर्दन नदीमा बप्तिस्मा लिए।"

जब यूहन्नाका चेलाहरूले यूहन्नासँग शुद्धिकरणको बारेमा बुझाउन आएका थिए। तर तिनीहरूले येशूको बारेमा जानकारी पनि ल्याए, "उहाँले बप्तिस्मा दिनुहुँदैछ, र सारा मानिसहरू उहाँतिर गइरहेकाछन्।" यूहन्ना ३:२६। तिनीहरूको दिमागमा के चढिरहेको थियो सो बुझ्न त्यस्तो कठिन त छैनः तिनीहरू येशू प्रति डाहा गरेका थिए- र आफ्ना स्वामीको इज्जत थाम्न ईर्ष्यालु थिए र आफूहरूको पहिचानको निम्ति पनि तिनीहरूमा जोश थियो।

आफ्ना चेलाहरूसँग हाँमा हाँ मिलाएर आफू पनि ईखमा डुब्न यूहन्नालाई सजिलै हुन्थ्यो। तर उनी आफ्नो भाउ नखोज्ने प्रवृत्तिका थिए। आफ्नो लक्ष के हो भन्ने कुरामा उनी विश्वस्त थिए। परमेश्वरले उनलाई के काम गर्न खटाइएको हो त्यसैमा लाग्न उनी संतुष्ट थिए। आफू ख्रीष्ट वा उद्धारकर्ता वा स्वामी हुँ भनेर कहिल्यै पनि दावी नगरेको यूहन्नाले आफ्ना चेलाहरूलाई सम्झाएका थिए। उनी त येशूको आगमनलाई औंल्याउन, उहाँको

निम्ति बाटो तयार पार्न र उहाँको गवाही दिन आएको हो भनेर उनले जिकिर गरेका थिए (यूहन्ना १:६-८)।

विवाहको चित्रण गरेर यूहन्नाले आफूलाई दुलाहाको साथी भनेर आफ्नो बारेमा पहिचान दिएका थिए। त्यो दुलाहा येशू ख्रीष्ट हुनुहुन्छ भनेर पनि तिनीहरूलाई उनले आभास दिएका थिए। वास्तविक अर्थ बाइबलमा दुलही परमेश्वरका जनहरूलाई सम्बोधन गरिएको छ (होशे २:१६-२३, यशैया ६२:१-५)। अर्कफ अर्थमा भन्ने हो भने बप्तिस्मा दिने यूहन्नाको महानता भनेकै आफ्नो भाउ होइन येशूको भाउ खोज्नु थियो। उनले भने, "म त घट्नुपर्छ तर उहाँ बढ्नुपर्छ।" यूहन्ना ३:२०।

येशू र यूहन्नाको बीचमा गरिएको तुलना यूहन्ना ३:३१-३६मा निरन्तरता दिएको पाइन्छ। आफू मसीहको निम्ति बाटो तयार पार्ने भएकोले उहाँ आफू भन्दा सर्वोच्च हुनुहुन्छ भनेर चेलाहरूलाई बताएका थिए। यूहन्नाले येशूलाई औँल्याएर आफ्नो साक्षी दिएको धारणाले येशूको बारेमा गवाही दिनु भनेको के हो भनेर स्पष्ट पारेको छ। जसले गवाहीलाई स्वीकार गर्दछ र येशूलाई विश्वास गर्दछ उसले अनन्त जीवन वा अमरत्व पाउँछ भनेर यूहन्नाले ठोकुवा गरेका थिए। जसले येशूको बारेमा साक्षीलाई पन्छाउँछ र उहाँलाई ग्रहण गर्न अस्वीकार गर्छ त्यो व्यक्ति परमेश्वरको क्रोधमा रहन्छ वा उहाँको निगाहाको योग्य हुँदैन भनेर यूहन्नाले सिकाउँदछ। बाइबलमा यो धारणा स्पष्ट छ। मानिसहरूलाई पापको दलदलदेखि उचाल्न र उद्धार गर्न परमेश्वरले आफ्नो एक मात्र पुत्रलाई पठाउनुभएको थियो (यूहन्ना ३:१६,१७)। तर परमेश्वरले उपलब्ध गराउनुभएको उपहारलाई स्वीकार गर्न नचाहेर पापकै हिलोमा खेलिरहन मनपराउनेले त्यसको दण्ड भोग्नुपर्नेछ। तिनीहरूका पाप, दुष्टता र खराबले भरिएका जीवनको नतिजा हो तिनीहरूले पाउने अनन्त मृत्यु।

***परमेश्वर र मानिसको सामु देखाएको यूहन्नाको अनुसरणीय उदाहरणबाट हामी के पाठ सिक्न सक्छौं? नम्र हुने, झुक्ने र आफ्नो भाउ नखोज्ने यूहन्नाको उदाहरणलाई हाम्रो जीवनमा कसरी कार्यान्वियन गर्ने?***

## २. मसीहको बारेमा नयाँ आत्मज्ञान

**यूहन्ना १:३२-३६ पढ्नुहोस्। मानिसहरूले राजनैतिक मसीह वा स्वतन्त्र सेनानी जसले तिनीहरूलाई रोमको शासनबाट मुक्त गर्नेछन् आउनुहुनेछ भनेर धेरै समयदेखि अपेक्षा गरिरहेका थिए। तर येशू तिनीहरूले अपेक्षा गरेका मसीह होइन भनेर बप्तिस्मा दिने यूहन्नाले के खुलासा गरे? हेर्नुहोस्: "२६ यूहन्नाले**

तिनीहरूलाई जवाफ दिए, "म त पानीले बप्तिस्मा दिन्छु, तर तिमीहरूका माझमा एक जना खड़ा हुनुहुन्छ, जसलाई तिमीहरू चिन्दैनौ। २७ मपछि आउनुहुने उहाँ नै हुनुहुन्छ। उहाँका जुत्ताको फित्ता खोल्ने योग्यको म छैनँ।" २८ यी कुरा यर्दन नदी पारि बेथानियामा भएका थिए, जहाँ यूहन्नाले बप्तिस्मा दिइरहेका थिए। २९ भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा! ३० उनी उहाँ नै हुनुहुन्छ, जसको विषयमा मैले भनेको थिएँ, 'मपछि एक जना मानिस आउनुहुन्छ, जो मभन्दा उच्च हुनुहुन्छ, किनभने उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो।' ३१ म आफैले उहाँलाई चिनेको थिइनँ, तर उहाँ इस्राएलमा प्रकट होऊन् भनेर नै पानीले बप्तिस्मा दिँदै म आएँ।" ३२ यूहन्नाले यसो भन्दै गवाही दिए, "मैले पवित्र आत्मालाई ढुकुरको रूपमा स्वर्गबाट ओर्लेर आई उहाँमाथि बस्नुभएको देखें। ३३ मैले उहाँलाई चिनेको थिइनँ, तर जसले मलाई पानीले बप्तिस्मा दिनू भनी पठाउनुभयो, उहाँले नै मलाई भन्नुभयो, 'जसमाथि तिमी पवित्र आत्मालाई ओर्लंदै र बस्दैगर्नुभएको देख्छौ, पवित्र आत्माले बप्तिस्मा दिनुहुने उहाँ नै हुनुहुन्छ।' ३४ मैले देखेको छु, र गवाही दिएको छु, कि परमेश्वरका पुत्र उहाँ नै हुनुहुन्छ।" ३५ फेरि अर्को दिन यूहन्ना उनका चेलाहरूमध्ये दुई जनासँग उभिरहेका थिए। ३६ उनले येशूलाई गइरहनुभएको देखेर भने, "हेर, परमेश्वरका थुमा!"

इस्राएल देशलाई यहूदी धर्म लाद्ने र विदेशी निरङ्कुस शासक रोमबाट छुट्कारा दिने मसीह आउनुहुनेछ भनेर यहूदीहरू लामो समयदेखि हेरिरहेका थिए। आफूहरूलाई दमन गर्ने क्रुर रोमको शक्तिलाई फ्याँकेर महान् र शक्तिशाली यहूदी राष्ट्र स्थापना गर्ने बहादुर स्वतन्त्र सेनानी मसीह आउनु हुनेछ भनेर यहूदीहरूको विश्वास गरेका थिए। तर तिनीहरूको भावना वा अपेक्षा बिपरित यूहन्नाले "परमेश्वरको थुमा," भनेर येशूलाई सिधै औंल्याएका थिए। अधिकाँश मानिसहरूले त्यो सम्बोधनलाई गलत ठानेको हुनुपर्दछ। अझ उनले के भनिरहेका छन् कतिपयलाई थाहा पनि नभएको हुन सक्छ।

सुसमाचारका लेखक यूहन्नाले मसीहको बारेमा मानिसहरूले आफ्नो धारणा परिवर्तन गरुन् भन्ने चाहना गरेका थिए। यदि तिनीहरूले तिनीहरूको धारणामा परिवर्तन ल्याउन सके येशू पुरानो करारले भविष्यवाणीहरू पूरा गर्न आउने राजा र उहाँले के गर्नुहुनेछ भनेर उहाँलाई चिन्ने थिए। उहाँ देशमा राजनैतिक परिवर्तन गर्ने राजनेता होइन न त सैनिक नेता हुनुहुन्छ बरु सारा संसारको निम्ति पापको बलि हुन आउनुभएको थुमा रूपि येशू हुनुहुन्थ्यो। उहाँ आउनुको लक्ष नै मानिसहरूको निम्ति बलि हुनुभएर तिनीहरूलाई पापको

राज्यबाट मुक्ति दिनु थियो। जब सारा संसार पापबाट मुक्त हुन्छ वा सैतानको आधिपत्यबाट छुट्कारा पाउँछ तब मात्र यस संसारमा अन्तिम अवस्थामा परमेश्वरको राज्य स्थापना हुनेछ भनेर अगमवक्ता दानिएलले यसरी व्यक्त गरेका थिए,"सर्वोच्चका पवित्र जनहरूले यो राज्य पाउनेछन् र सदासर्वदाको लागि अधिकार गर्नेछन्– हो, सदासर्वदाको लागि'।" दानिएल ७:१८।

"जब बप्तिस्माको समयमा यूहन्नाले येशूलाई परमेश्वरको थुमा भनेर औँल्याए तब मसीहको बारेमा नयाँ आत्मज्ञान चम्केको थियो। अगमवक्ताको दिमाम यशैयाको भविष्यवाणीतिर गएको थियो, 'उहाँ मानिसहरूको सामु मारिने थुमा जस्तै भएर आउनुभएको थियो।' यशैया ५३:७।"-द डिजाएर अभ एजेज, पृ. १३६।

"मैले त सुरुमा उहाँलाई चिनेको थिइँन," भनेर बप्तिस्मा दिने यूहन्नाले भनेका थिए। यूहन्ना १:३१। तर येशू नै मसीह हुनुहुन्छ भनेर यूहन्नाले कसरी ठोकुवा गर्न सके त? त्यसको जवाफ यो छ कि जुन प्रभुले बप्तिस्मा दिने यूहन्नालाई मसीहको बाटो तयार पार्न पठाउनुभएको थियो उहाँले अघिबाट यो चिन्ह दिनुभएको थियो, " ३३ मैले उहाँलाई चिनेको थिइनँ, तर जसले मलाई पानीले बप्तिस्मा दिनू भनी पठाउनुभयो, उहाँले नै मलाई भन्नुभयो, 'जसमाथि तिमी पवित्र आत्मालाई ओर्लंदै र बस्दैगर्नुभएको देख्छौ, पवित्र आत्माले बप्तिस्मा दिनुहुने उहाँ नै हुनुहुन्छ।' ३४ मैले देखेको छु, र गवाही दिएको छु, कि परमेश्वरका पुत्र उहाँ नै हुनुहुन्छ।" यूहन्ना १:३३-३४। त्यसको अर्थ येशू नै मसीह हुनुहुन्छ भनेर प्रभुले यूहन्नालाई प्रकट गर्नुभएको थियो।

"ख्रीष्ट नै परमेश्वरको शक्ति र परमेश्वरको ज्ञानबुद्धिको भण्डार हुनुहुन्छ" (१ कोरन्थी १:२४ रूपान्तरित)। परमेश्वरबाटै येशू आउनुभएको ख्रीष्ट हुनुपर्छ भन्ने आत्मज्ञान उहाँकै पवित्र आत्माको शक्तिले यूहन्नालाई विश्वस्त गराउनुभएको थियो। यूहन्नाको सुसमाचारमा यो विषयवस्तु प्रायजसो देखापर्दछ। मुक्ति भनेको कुनै मानवीय दर्शन, धर्म, विज्ञान, उच्च शिक्षा, तार्किक मनस्थिति, त्याग वा तपस्याबाट उपलब्ध हुँदैन। तर जसले विश्वास वा आस्थाबाट आफ्नो हृदय परमेश्वरमा सुम्पुन्छ र येशूका आज्ञा वा विद्याको पालन गर्छ त्यसबाट मात्र मुक्ति पाइन्छ।

***यदि हामीलाई प्रकट नभएको भए येशूको पश्चात्तापको बलि हुनुहुन्छ भन्ने सत्यलाई कसरी हामीले थाहा पाउने? त्यसकारण, बाइबलको ज्ञान हुनु र यसले के सिकाउँछ त्यो नै येशूलाई विश्वास गर्ने वा गराउने निर्णायक कदम हो भनेर हामीले किन यकिन गर्नुपर्छ?***

## ३. येशूलाई स्वीकार र अस्वीकार

अध्याय २मा ५०००लाई येशूले ख्वाउनुभएको चर्चा यूहन्ना ६मा गरेको हामीले हेऱ्यौं। तर त्यस कथाको अन्तको बारेमा हामीले हेरेका थिएनौं। अब यहाँ हामीले हेर्नेछौं।

यूहन्ना ६:५१-७१ पढ्नुहोस्। आफूलाई स्वीकार गर्न वा विश्वास गर्न मानिसहरूमा भएको समस्यालाई येशूले कसरी सम्बोधन गर्नुभएको थियो? हेर्नुहोस्: " ४१ यहूदीहरू उहाँको विरुद्धमा गनगनाउन लागे, किनभने उहाँले भन्नुभयो, "स्वर्गबाट ओर्लिआएको रोटी म नै हुँ।" ४२ तिनीहरूले भने, "के यो योसेफको छोरो, येशू होइन? यसका बुबा र आमालाई हामी चिन्दैनौं र? अहिले यसले कसरी 'म स्वर्गबाट ओर्लिआएको हुँ' भनी भन्दछ?" ४३ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरू आपसमा नगनगनाओ। ४४ मलाई पठाउनुहुने पिताले खिँच्नुभएन भने कोही मकहाँ आउन सक्दैन, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु। ४५ 'अनि ती सबै जना परमेश्वरद्वारा सिकाइनेछन्' भनी अगमवक्ताहरूका पुस्तकमा लेखिएको छ। प्रत्येक जसले पिताबाट सुन्छ र सिक्छ त्यो मकहाँ आउँछ। ४६ पितालाई कुनै मानिसले देखेको छैन, केवल उसले मात्र देखेको छ जो परमेश्वरबाट आएको हो, उसैले पितालाई देखेको छ। ४७ साँच्चै म तिमीहरूलाई भन्दछु, जसले विश्वास गर्छ त्यससित अनन्त जीवन छ। ४८ म जीवनको रोटी हुँ। ४९ तिमीहरूका पिता-पुर्खाहरूले उजाड-स्थानमा मन्न खाए तापनि तिनीहरू मरेर गए। ५० स्वर्गबाट ओर्लिआउने रोटी यही हो, जसले यो खान्छ त्यो मर्नेछैन। ५१ स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ। कसैले यो रोटी खायो भने त्यो सधैंभरि जिउनेछ। र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो।" ५२ तब यहूदीहरू आपसमा बहस गर्न लागे, "यस मानिसले कसरी हामीलाई आफ्नो देह खान दिन सक्छ?" ५३ येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरूमा जीवन हुँदैन। ५४ मेरो देह खाने र मेरो रगत पिउनेसित अनन्त जीवन छ, र अन्त्यको दिनमा म त्यसलाई जीवित पार्नेछु। ५५ किनभने मेरो देह साँच्चै खानेकुरो हो, र मेरो रगत साँच्चै पिउने कुरो हो। ५६ मेरो देह खाने, र मेरो रगत पिउनेचाहिँ ममा रहन्छ, र म त्यसमा रहन्छु। ५७ जसरी जीवित पिताले मलाई पठाउनुभयो, र म पिताको कारणले जिउँछु, त्यसै गरी मलाई खाने पनि मेरो कारणले जिउनेछ। ५८ स्वर्गबाट आएको यो रोटी त्यस्तो होइन, जो पिता-पुर्खाहरूले खाए तापनि मरेर गए। यो

रोटी खानेचाहिँ सधैँभरि जिउनेछ।" ५९ उहाँले यी कुरा कफर्नहुमको सभाघरमा शिक्षा दिंदा भन्नुभएको हो। ६० यो सुनेपछि उहाँका चेलाहरूमध्ये धेरैले भने, "यो वचन कठोर छ, कसले यो सुन्न सक्तछ र?" ६१ तर उहाँका चेलाहरू यस विषयमा गनगनाउँदैछन् भनी जानेर येशूले तिनीहरूलाई भन्नुभयो, "के यी कुरा तिमीहरूका निम्ति ठोकरको कारण भइरहेछ? ६२ तिमीहरूले मानिसको पुत्रलाई जहाँ ऊ अघि थियो त्यहाँ उक्लँदैगरेको देख्यौ भने नि कसो? ६३ जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन। जुन वचन मैले तिमीहरूसँग बोलेको छु, ती आत्मा र जीवन हुन्। ६४ तर तिमीहरूमध्ये कति छन्, जसले विश्वास गर्दैनन्।" किनभने विश्वास नगर्नेहरू को-को हुन्, र उहाँलाई धोका दिने को हुनेछ भनी येशूलाई सुरुदेखि नै थाहा थियो। ६५ अनि उहाँले भन्नुभयो, "यसैकारण मैले तिमीहरूलाई भनेको हुँ, 'यदि पिताबाट दिइएको छैन भने कोही मानिस मकहाँ आउन सक्दैन।" ६६ यसपछि उहाँका (७०) चेलाहरूमध्ये धेरै जना पछि हटे, र उहाँसँग हिंड्न छोड़े। ६७ येशूले बाह्रैलाई भन्नुभयो, "के तिमीहरू पनि मलाई त्यागेर जाने?" ६८ सिमोन पत्रुसले जवाफ दिए, "हे प्रभु, हामी कसकहाँ जाऔं? तपाईंसित अनन्त जीवनका वचन छन् ६९ र हामीले विश्वास गरेका छौं र जानेका छौं, तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ।" ७० येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "के म आफैले तिमीहरू बाह्रै जनालाई छानेको होइनँ र? र तिमीहरूमध्येको एक जनाचाहिँ दियाबलस हो।" ७१ यो उहाँले सिमोन इस्करियोतको छोरो यहूदाको विषयमा भन्नुभएको थियो, किनभने बाह्रमध्ये एक जना भएर पनि त्यसले उहाँलाई धोका दिन आँटेको थियो।" यूहन्ना ६:४१-७१।

अलौकिक ढङ्गले येशूले ५०००लाई ख्वाउनुभएपछि ती मानिसहरू जोशिलो भएर येशूलाई राजा घोषणा गर्न तयार भएका थिए (यूहन्ना ५:१-१५)। तर जब उहाँले कपर्नूमको यहूदी सभाघरमा यहूदीहरूसँग कुराकानी गर्दा आफूले आश्चर्य काम गरेर ख्वाएको आत्मिक अर्थ पनि छ भनेर उहाँले बताउनुभएको थियो। खाने रोटी भौतिक जीवनको निम्ति हो भने अनन्त जीवनको रोटी मै हुँ भनेर उहाँले खुलासा गर्नुभएको थियो (यूहन्ना ६:३५)। आफ्नो देह रोटी हो भन्ने विषयमा विस्तृत रूपमा उहाँले व्याख्या गर्नुभएको थियो। उहाँको देह संसारलाई जीवन दिने हो भनेर उहाँले सिकाउनुभएको थियो।

उहाँले यो खुलासा गर्नुभएपछि येशू संसारका राजा हुनेछैन रहेछ भनेर भिडको आँखा खोलेको थियो। पृथ्वीका राजाको बारेमा तिनीहरूको

अवधारणामा उहाँ मिल्न सक्नुभएको थिएन। तिनीहरू उहाँसँग बातचित पनि गर्न छोडे। यदि तिनीहरूले उहाँसँग अझ बढी ज्ञान पाएको भए तिनीहरूले येशू नै मसीह हुनुहुन्छ भनेर उहाँलाई स्वीकार गर्न सक्ने हुन्थ्यो। यस समयमा उहाँका धेरै चेलाहरूले उहाँलाई त्यागेर गएका थिए (यूहन्ना ६:६६)।

मानवीय मनस्थितिमा येशूको निम्ति यो धेरै गाऱ्हो र मन दुखाउने अनुभव हुन सक्थ्यो। उत्तेजित भिडले उहाँलाई राजा बनाउन खोज्नु सबैको निम्ति रमाइलो न  थियो। राजासँग जोडिन को चाहँदैन र? येशूका सिद्धान्तहरू सुनेपछि धेरै मानिसहरू पछाडि हटेको देख्दा त्यो नैराश्यजनक नै थियो। येशूकै पछि लाग्ने बहुमत चेलाहरूले उहाँलाई छोडेर गएपछि उहाँका भित्री घेरमा रहेका बाऱ्ह चेलाहरूलाई पनि आफूलाई छोडेर जाने होकी भनेर अनुमति दिनुभएको थियो। (उहाँको पछि लाग्न न त हिजो न त आज न कसैलाई कर गर्नुहुन्छ। उहाँले आत्मनिर्णयको स्वतन्त्रतालाई कदर गर्नुहुन्छ-अनुवादक)।

यसैबेला सबैलाई चकित पार्ने व्यक्तिगत मनतव्य पत्रुसले व्यक्त गर्दछन्। येशूमा के छ र उहाँ को हुनुहुन्छ भनेर पत्रुसले यसरी गवाही दिएका थिए, " ६८ सिमोन पत्रुसले जवाफ दिए, "हे प्रभु, हामी कसकहाँ जाऔं? तपाईंसित अनन्त जीवनका वचन छन् ६९ र हामीले विश्वास गरेका छौं र जानेका छौं, तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ।" यूहन्ना ६:६८-६९।

चेलाहरू येशूसँग केही वर्ष रहेका थिए। उहाँसँगै यात्रा गरेका थिए। उहाँका अलौकिक वा दिव्य कामहरू तिनीहरूले प्रत्यक्ष रूपमा देखेका थिए। उहाँका प्रवचन र शिक्षादीक्षाहरू तिनीहरूले सुनेका थिए। उहाँ अतुलनीय हुनुहुन्छ भनेर तिनीहरूले आफ्ना अनुभवहरूबाट थाहा पाएका थिए। जुनसुकै असहज परिस्थितिहरूको सामना गर्नुपरेतापनि उहाँ नै मसीह हुनुहुन्छ भन्ने तिनीहरूले ठोकुवा गरेर भन्न सक्ने भएका थिए। हुन न कतिपय समयमा उहाँ आउनुको लक्षलाई तिनीहरूले बुझ्न असमर्थ त भएको थियो। उहाँको मृत्यु र पुनरुत्थान पछि मात्र येशू किन आउनुभयो भनेर बुझ्न थालेका थिए।

***यस संसारमा बहुमत प्रायजसो गलत नै हुन सक्छ भनेर यस कथाबाट हामी कसरी सिक्न सक्छौं? बहुमत मानिसहरू वा बहुमत इसाईहरूकै बिचमा पनि हाम्रा विश्वासको आधारभूत शिक्षा लोकप्रिय हुनै पर्छ भन्ने छैन भनेर के येशूकै अनुभवबाट हामी सिक्न सक्दैनौं र?***

## ४. पिताको गवाही

यूहन्नाको सुसमाचार वचन वा लोगोस पितासँग हुनुभएको भनेर चर्चा गरेर सुरु भएको छ। उहाँ पितासँग हुनुहुन्छ भन्ने पनि त्यसको तात्पर्य हो (यूहन्ना १:१)। वचन देह हुन आयो। वचन नै देह भयो र उहाँको बप्तिस्माको समयमा पवित्र आत्मा उहाँमाथि आएपछि पवित्र आत्माले पनि उहाँको साक्षी बक्नुभएको थियो (यूहन्ना १:३२-३४)। तर येशूको सेवाकालमा परमेश्वर पिताले पनि उहाँको गवाही दिनुभएको थियो।

**परमेश्वर पिताको बारेमा येशूले के भन्नुहुन्छ? हेर्नुहोस्, " ३५ येशूले तिनीहरूलाई भन्नुभयो "जीवनको रोटी म हुँ। मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन। ३६ तर मैले तिमीहरूलाई भनेकै छु, तिमीहरूले मलाई देखेका छौ, र पनि विश्वास गर्दैनौ। ३७ पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ। ३८ आफ्नो इच्छा पूरा गर्न म स्वर्गबाट ओर्लिआएको होइनँ, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नलाई आएको हुँ। ३९ र मलाई पठाउनुहुनेको इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि म नगुमाऊँ, तर तिनीहरूलाई अन्त्यको दिनमा जीवित पारूँ। ४० किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस्, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु।" यूहन्ना ६:३५-४०।**

आफूले गरेका अलौकिक कामहरू पितासँग गाँसिएका छन् भनेर येशूले दावी गर्नुभएको थियो। परमेश्वर पिताले नै उहाँलाई पठाउनुभएको हो भन्ने कुरामा उहाँ स्पष्ट हुनुहुन्थ्यो। पिताले पनि उहाँको बारेमा गवाही दिनुभएको थियो।

**येशूको बारेमा परमेश्वर पिताले के भन्नुभएको थियो? हेर्नुहोस् देहायका पदहरूः " १६ अनि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनुभयो, अनि स्वर्ग उघ्रियो, र उहाँले परमेश्वरका आत्मालाई ढुकुरझैं ओर्लिरहनुभएको र आफूमाथि आइरहनुभएको देख्नुभयो। १७ *तब स्वर्गबाट यो वाणी आयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु।"* मत्ती ३:१६-१७; " १ यसको छ दिनपछि येशूले पत्रुस, याकूब र तिनका भाइ यूहन्नालाई आफूसँग एउटा उच्च पहाड़माथि अलग्गै लैजानुभयो। २ तिनीहरूका सामुन्ने उहाँको रूप परिवर्तन भयो। उहाँको चेहरा सूर्यझैं चम्क्यो, ३ र उहाँका वस्त्र प्रकाशझैं सेता भए। अनि मोशा र एलिया उहाँसँग बातचित गरिरहेका देखा परे। ४ पत्रुसले येशूलाई भने, "हे प्रभु, हामी यहाँ भएको असल छ। तपाईंको इच्छा भए म यहाँ**

तीन वटा वासस्थान बनाउनेछु, एउटा तपाईंको निम्ति, एउटा मोशाको निम्ति र एउटा एलियाको निम्ति।" ५ *तिनी बोल्दाबोल्दै, चम्किलो बादलले तिनीहरूलाई ढाकिहाल्यो, र त्यस बादलबाट एउटा आवाज आयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु, यिनको कुरा सुन।"* मत्ती १७:१-५; " ९ अब ती दिनमा येशू गालीलको नासरतबाट आउनुभयो, र यूहन्नाबाट यर्दन नदीमा बप्तिस्मा लिनुभयो। १० पानीबाट उक्लिआउने बित्तिकै उहाँले स्वर्ग उघ्रिएको र पवित्र आत्मालाई ढुकुरको रूपमा आफूमाथि ओर्लँदैगर्नुभएको देख्नुभयो। *११ अनि स्वर्गबाट यस्तो एउटा आवाज भयो, "तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म अति प्रसन्न छु।"* मर्कूस १:९-११; " २१ जब सबै मानिसहरूले बप्तिस्मा लिए, अनि येशूले पनि बप्तिस्मा लिएर प्रार्थना गरिरहनुभएको थियो, तब स्वर्ग उघ्रियो, २२ र *पवित्र आत्मा शारीरिक रूपमा ढुकुरजस्तो उहाँमाथि ओर्लनुभयो। अनि स्वर्गबाट यस्तो एउटा आवाज आयो, "तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म अति प्रसन्न छु।"* लूका ३:२१-२२ र " १६ किनकि हामीले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको महाशक्ति र आगमनको समाचार दिँदा धूर्ततासँग रचिएका दन्त्यकथाहरूको हामीले अनुसरण गरेनौं, तर उहाँको वैभव प्रत्यक्ष देख्ने हामी साक्षी हौं। १७ *उहाँले परमेश्वर पिताबाट आदर र महिमा प्राप्त गर्नुभयो, जब त्यस तेजस्वी महिमाबाट एउटा वाणी निस्किआयो, "यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अति प्रसन्न छु।" १८ त्यस पवित्र डाँड़ामा हामी उहाँसँग हुँदा स्वर्गबाट आएको त्यो वाणी हामी आफैंले सुनेका थियौं।"* २ पत्रुस १:१६-१८।

येशूको बप्तिस्माको समयमा पिता, पवित्र आत्मा र पुत्र सहमत भएर महत्त्वपूर्ण क्षणलाई अनुमोदन गरिएको थियोः येशूको सेवाकार्यको प्रारम्भ। येशू आफ्ना प्रिय पुत्र हुन् उनीदेखि आफू प्रशन्न भएको पिताले आकाशवाणीबाट व्यक्त गर्नुभएको थियो। येशूको सेवाकार्यको निर्णायक घडीमामा पनि पिताले फेरि बोल्नुभएको जुन यूहन्नाले आफ्नो सुसमाचारमा लेखिएका छन्।

येशूको सेवाकार्यका अन्तिम दिनहरू पराकाष्टामा पुगिरहेको थियो। यहूदी धर्मका अगुवा, पण्डित, पुजारी र मठादिसहरूले उहाँको कामलाई रोक्न नसकेको कारणले (यूहन्ना १२:१९) उहाँको हत्या गर्न तम्सेका थिए। हुलका हुल मानिसहरू उहाँसँग उत्साहित भएका थिए। लाजरसको पुनरुत्थान भएको देखेकाहरूको (यूहन्ना १२:१७,१८) गवाही सुनेपछि हुलका हुल मानिसहरू उहाँको पछि लाग्न थालेको थियो। विदेशबाट यहूदी पर्वको निम्ति आएका ग्रीकहरूले पनि उहाँलाई भेट्न चाहेका थिए।

यसैबेला येशूको प्रार्थना र त्यसको प्रत्युत्तर त्यही ठाउँमा परमेश्वरले दिनुभएको थियो, " २७ "अब मेरो प्राण व्याकुल भएको छ, र म के भनूँ? 'हे पिता, मलाई यस घड़ीबाट बचाउनुहोस्'? होइन, यसै कारणले नै म यस घड़ीसम्म आइपुगेको छु। २८ हे पिता, तपाईंका नाउँको महिमा गर्नुहोस्।" तब स्वर्गबाट यस्तो एउटा आवाज आयो, "मैले त्यो महिमा गरेको छु, र फेरि गर्नेछु।" २९ त्यहाँ खड़ा भएको भीड़ले यो सुनेर भन्यो, "यो मेघ गर्जन हो!" अरूहरूले भने, "स्वर्गदूत उनीसँग बोलेका हुन्!" यूहन्ना १२:२७-२९।

येशूको महिमा हुने क्षण क्रूसमा थियो। परमेश्वर पिताले उहाँको पाठोको महाबलि हुने क्षणलाई गवाही दिएर औंल्याउनुभएको थियो। उहाँको सांसारिक सेवाकार्यको समाप्ती थियो। क्रूसमा उहाँको मृत्युले हाम्रा पापहरूको मोल तिर्नुभएको थियो। उहाँलाई विश्वास गरेर चल्दा पापको दण्डको सामना अबदेखि कहिल्यै पनि गर्नुपर्ने भएन।

## ५. भिडको गवाही

"३७ अब चाड़को पछिल्लो दिन, अर्थात् चाड़को प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। ३८ जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्'।" यूहन्ना ७:३७-३८।

आफू को हुन्, कहाँबाट आएका हुन् र आफ्नो लक्ष के हो भन्ने भनाइहरू येशूले सुरो र निडर भएर गर्नुभएको घोषणा यूहन्नाले ठाउँ ठाउँमा उल्लेख गरेका छन्।

यूहन्ना ७:३७,३८मा येशूले आफ्नो बारेमा गर्नुभएको दावी र उहाँकहाँ आउनेलाई उहाँले के गर्नुहुनेछ भन्ने कथनहरू अत्यन्तै महत्त्वपूर्ण छ। उहाँले गर्नुभएका दावीहरू अरू कसैले गर्न सकेका छैनन् न त गर्न नै योग्यका छन्। ती दावीहरू सबैलाई चकित पार्दछ।

**यहूदीहरू भेट हुने पालहरूमा वा छाप्रोबासको चाड मनाउन जम्मा भएका थिए। त्यसबेला येशूले गर्नुभएको सम्बोधनमा भिडको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्: " ३७ अब चाड़को पछिल्लो दिन, अर्थात् चाड़को प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। ३८ जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्'।" ३९ तर यो कुरो उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा**

उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए। किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन।
४० यी कुरा सुन्ने कोही-कोही मानिसले भने, "यिनी त साँच्चै अगमवक्ता
रहेछन्।" ४१ अरूहरूले भने, "यिनी ख्रीष्ट हुन्।" तर कसै-कसैले भने, "के ख्रीष्ट गालीलबाट आउँछन् र? ४२ के धर्मशास्त्रले भनेको छैन, कि ख्रीष्ट
दाऊदको वंशबाट र दाऊदकै गाउँ बेथलेहेमबाट आउँछन्?" ४३ यसैले
मानिसहरूका बीचमा उहाँको कारण फाटो भयो। ४४ तिनीहरूमध्ये कतिले
उहाँलाई पक्रन खोजे, तर उहाँमाथि कसैले पनि हात हालेन। ४५ तब
मन्दिरका पहरेदारहरू मुख्य पूजाहारीहरू र फरिसीहरूकहाँ आए। तिनीहरूले यिनीहरूलाई भने "तिमीहरूले त्यसलाई किन ल्याएनौ?" ४६ पहरेदारहरूले
जवाफ दिए, "यस मानिसले जस्तो त कुनै मानिसले कहिल्यै बोलेन!" ४७
फरिसीहरूले यिनीहरूलाई भने, "तिमीहरू पनि बहकियौ, कि कसो? ४८ के धर्म-
गुरु अथवा फरिसीहरूमध्ये कसैले उसमाथि विश्वास गरेको छ? ४९ तर यो
भीड, जसले व्यवस्था जान्दैन, त्यो श्रापित छ।" ५० तिनीहरूमध्ये एक जना
निकोदेमस, जो पहिले एक पल्ट येशूकहाँ आएका थिए, तिनले भने, ५१ "के हाम्रो
व्यवस्थाले पहिले मानिसको सुनुवाइ नभई, र त्यसले के गरेको छ सो नजानिकन त्यसलाई दोषी ठहराउँछ र?" ५२ तिनीहरूले उनलाई जवाफ दिए, "के तिमी पनि गालीलका हौ? धर्मशास्त्र खोजेर हेर, र तिमीले देख्नेछौ, कि गालीलबाट अगमवक्ता निस्कँदैन।" र
५३ तब हरेक मानिस आफ्ना-आफ्ना घर गए।" यूहन्ना ७:३७-५३।

कतिले भने उहाँ धेरै अघि भविष्यवाणी गरेको मोशा जस्तो अगमवक्ता (व्यवस्था १८:१५-१९) हुनुहुन्छ भनेर सुनाए। अरूहरूले त उहाँ ख्रीष्ट नै हुनुहुन्छ भनेर सोचेका थिए। मसीह ग्यालिलबाट आउँदैन तर दाउदको बंशबाट आउँछ र उहाँ बेथलेहममा जन्मिनेछ भन्ने ठिक धारणाहरू कतिपयले व्यक्त गरेतापनि कतिलाई थाहा नभएको देखिन्छ।

येशूलाई पक्रन आउने मन्दिरका पहरेदारहरू उहाँका वचनहरू सुनेर चकित भएको थिए। दिमागै हल्लाउने गरेर उहाँले व्यक्त गर्नुभएको अभिव्यक्तीहरू प्रति तिनीहरू आकर्षित भएका थिए। तिनीहरूले येशूलाई पक्रेर नल्याएको र तिनीहरूले व्यक्त गरेका येशू प्रतिका भावनाहरूको प्रत्युत्तरमा फरिसी धर्मगुरुहरूले यसरी प्रश्न गरेः "के धर्म-गुरु अथवा फरिसीहरूमध्ये कसैले उसमाथि विश्वास गरेको छ?" यूहन्ना ७:४९। यो प्रश्नले निकोदिमस फेरि देखा पार्न यूहन्नालाई अवसर मिलेको थियो। धर्मगुरुहरूको षडयन्त्रबाट

येशूलाई बचाउन उनले खोजेका थिए। उनले प्रश्न गरे, “के हाम्रो व्यवस्थाले पहिले मानिसको सुनुवाइ नभई, र त्यसले के गरेको छ सो नजानिकन त्यसलाई दोषी ठहराउँछ र?” यूहन्ना ७:५१।

के निकोदिमसले येशूलाई मसीह भनेर कहिल्यै स्वीकारे त? तर यस दृश्यले उनले स्वीकारे भनेर प्रमाणित गर्दैन, यस समय उनले खेलेको भूमिका र येशूको मृत्युपछि उनले के गरे (यूहन्ना १९:३९,४०) सो नै निकोदिमसले येशूलाई विश्वास गरेका थिए भनेर बाइबलले सबूद प्रमाण दिएको पाइन्छ।

पण्डित वा फरिसी धर्मगुरुहरूको प्रश्नको जवाफमा फरिसीहरूमध्ये कमसेकम एक जनाले विश्वास गरेका थिए भन्ने तथ्य लुकिएको छैन।

***"तर यो भीड, जसले व्यवस्था जान्दैन, त्यो श्रापित छ," (यूहन्ना John ७:४९) भन्ने धर्मगुरुहरूको भनाइले भिड प्रति तिनीहरू कस्तो आक्रोसित थिए भनेर देखाउँछ किनभने त्यो भिड येशूको पछि लागेको थियो। यसबाट हामे सिक्नुपर्ने पाठ के छ?***

## उपसंहारः

**थप जानकारीः द डिजाएर एजेजको पृ. ३८३-३९३को "द क्राइसिस इन ग्यालिली" र पृ. ६२१-६२६को "इन द आउटर कोर्ट।"**

"(पत्रुसले व्यक्त गरे) 'हामी कहाँ जाने? इस्राएलका धर्मगुरु, पुजारी र पण्डितहरू औपचारिक धार्मिक विधिहरूका दास थिए। फरिसी र सदुकीहरू एक आपसमा निरन्तर तनावमा थिए। येशूलाई त्याग्नु भनेकै परम्परा, औपचारिक धर्म, कट्टर र कठोर धार्मिक रीतिहरूको हातमा पर्नु थियो। आफ्नो भाउ खोज्ने महत्वाकाँक्षी मानिसहरू तँछाडमछाड गरेर आफ्नै भाउ, महिमा र प्रतिष्ठा खोज्थे। विगतको जीवनमाभन्दा येशूसँगको जीवनमा चेलाहरूले बढी शान्ति र आनन्द पाएका थिए। पापीहरूका मित्रलाई हेला गर्ने, सताउने, तिरस्कार गर्ने र बेइज्जत गर्ने धार्मिक समूहकहाँ तिनीहरू फेरि कसरी फर्किन सक्छ र? तिनीहरूले मसीहको निम्ति धेरै समयदेखि पर्खेर बसेका थिए। अब उहाँ आउनुभयो। उहाँका ज्यानको पिछा गर्नेहरूतिर लागेर येशूको उपस्थितिबाट तिनीहरू बाहिरन चाहेका थिएनन्। येशूको पछि लाग्यो भनेर धार्मिक गुरुहरूले चेलाहरूलाई सताएका थिए।

"'अब हामी कसकहाँ जाने?' येशूका शिक्षादीक्षा, उहाँले सिकाउनुभएका प्रेम र दयाका पाठहरूबाट उम्कनु भनेको अन्धकार र दुष्ट संसारमा आफूहरूलाई हुट्याउनु हो। अनेकौं अलौकिक वा आश्चर्य कामहरू

देख्दा देख्दै पनि मुक्तिदातालाई येशूकै चेला भनेर दावी गर्ने कतिपयले उहाँलाई च्वाट्टै छोडेका थिए। तर थोरैभएतापनि येशूमा बफादारी भएर उहाँलाई पछ्याउने चेलाहरूको विश्वासलाई झल्काउँदै पत्रुसले भने, "तपाईं ख्रीष्ट हुनुहुन्छ। तिनीहरूको प्राणलाई झुन्ड्याइ राख्ने अँकुशलाई त्याग्नुपर्ने भावनाले तिनीहरूमा त्रास र पीडा भएको थियो। मुक्तिदाताबिना जीवन बिताउनु भनेको अन्धकार र आँधीबेरीले ग्रस्त समुद्रमा तैरिनु हो।"-*द डिजाएर अभ एजेज,* पृ. ३९३।

**चिन्तनमनन:**

अ. येशू मसीह हुनुहुन्छ भनेर प्रणाम पाएतापनि र इसाई धर्ममा भएका सत्यलाई जानेपनि कतिको निम्ति उहाँलाई विश्वास गर्न किन कठिन होला? सोच्नुहोस्। तर कतिले पनि उहाँलाई विश्वास कसरी गर्न पुगे होलान्, त्यो पनि सोच्नुहोस्।

आ. हाम्रा पापहरूका निम्ति येशू ख्रीष्ट मर्नुभयो भन्ने सत्य आत्मज्ञान अरूभन्दा के होला? यो निर्णायक सत्यलाई विश्वास गर्न हामी कसरी आइपुग्यौं? के विज्ञान, प्राकृतिक नियमले, प्राकृतिक धर्मज्ञान, तर्क वा दर्शनले? ती सबैले हामीलाई सृष्टिकर्तातिर ध्यान लगाउन त सक्छ तर हाम्रो जीवन परिवर्तन गर्ने र अमर जीवनको आशामा लाग्न ती थोकहरूले हामीलाई चाहिने महत्त्वपूर्ण सत्य आत्मज्ञान दिन सक्छ भन्नेछैन: त्यो ज्ञान हो हाम्रा पापहरूको निम्ति येशू मर्नुभयो। यस संसारमा भएका अनेकौं वाद, वैज्ञानिक उपलब्धी, दर्शन, धर्म र नीतिले हामीलाई चाहिने सत्यलाई अगुवाइ गर्न नसक्ने भएकोले बाइबल नै हाम्रो अन्तिम र चरम आधिकारिक पुस्तक हो भन्ने निर्णायक विषयलाई हामीले हाम्रो हृदयमा सधैं कसरी सजाइ राख्ने?

इ. आफ्नो विगत जीवनमा परमेश्वरले के गर्नुभयो सो याद गरिरहँदा हाम्रो विश्वासलाई कसरी बलियो पारिराख्न सक्छ?

## कथा ६
## "हामीले कसैलाई पठाएनौं"

दक्षिण अमेरिकाको कोलम्बियामा रहेको झ्यालखानामा प्रत्येक शुक्रवार येशूको बारेमा सुसमाचार सुनाउन डोलान्डो भेलास्क्वेज चार वर्षसम्म कार्यरत थिए। तर एक शुक्रबार उनी झ्यालखानामा गएनन्। उनी सिकर्मीको काम गर्द थिए। एक जना ग्राहकलाई उनको सहयोग तुरन्तै चाहिएको थियो। उनलाई पैसाको पनि खाँचो थियो।

केवल चार जना सेभेन्थ-डे एडभेन्टिस्टहरू मात्र त्यस झ्यालखानामा जान अनुमति थियो। डोनाल्डो अरू दुई जना चर्चका सदस्यहरू र पास्टर मात्र आकेशियाको झ्यालखानामा जान सक्थ्यो। उनले रामसेजसँग सहायता मागे तर उनी व्यस्त भएको सुनाए र अर्को पेड्रोले पनि जान असमर्थ भएको बताए। पास्टर पनि आफू आफ्नो सहरभन्दा बाहिर रहेकोले झ्यालखानामा जान नसकेको भने दुःख माने।

डोनाल्डो रोए र प्रार्थना गरे। उनकी श्रीमती जेसुसिताले उनलाई के भयो भनेर सोधिन्। आफू झ्यालखानमा सेवासङ्गति गर्न रोक्न नचाहेको बताए तर आफूलाई पैसाको पनि खाँचो भएको सुनाए। "आफ्नो काममा जानुहोस्, परमेश्वरले सहयोग गर्नुहुनेछ," भनेर श्रीमतीले भनिन्।

जब अर्को शुक्रवार डोनाल्डो झ्यालखानामा गए तब ३८ जना कैदीहरू उनको प्रवचन सुन्न आए। उनीसँग अर्को चर्च सदस्य पेड्रो पनि गए।

"अस्तीको शुक्रवार आउनुभएको मानिस खोइ?" एक जना कैदीले सोध्यो। "हामीले त कसैलाई पठाएनौं," डोनाल्डोले जवाफ दिए। "तपाईंले पठाउनुभएको थियो। उहाँले हामीलाई प्रवचन दिनुभएको थियो," अर्कोले जवाफ दिए। "अहँ, हामीले कसैलाई पठाएनौं। तर त्यो अर्कै चर्चका होला," डोनाल्डोले भने। "होइन, होइन, को को हामीकहाँ आउने अनुमति छ भनेर हामीलाई थाहा छ। तर त्यो मानिस त कहिल्यै पनि यहाँ आएका थिएनन् र उहाँ अर्को चर्चको पनि होइन," कैदीहरूले सुनाए।

उनले के प्रचार गरे त भनेर डोनाल्डोले सोधे। उनले प्रचार गरेनको विषयले उनको बारेमा थाहा हुने थियो भन्ने हेतुले डोनाल्डोले सोधे। उनले त हप्ताको सातौं दिन साबथको बारेमा प्रचवन दिएको तिनीहरूले सुनाए। अचम्म मानेर डोनाल्डोले सोधे, "उनी कस्तो देखिन्थे?" "उनी अल्गो, राम्रो सेतो

कमिज लगाएको र बाइबल धेरै राम्रो थाहा थियो। उनी शायद शिक्षक होला," भनेर कैदीहरूले बताए। पेड्रोले डोनाल्डोको हात समातेर भने, "स्वर्गदूत आउनुभएर तिनीहरूलाई प्रचार गरे। अरू कुरा त हामीले भन्नै सक्दैनौं।" डोनाल्डोलाई चित्त बुझेन। उनी झ्यालखानको ढोकामा बस्ने सुरक्षा गार्डसँग गएर त्यस दिन शुक्रबाट को को आए भनेर आगन्तुकहरूको सूची मागे। त्यो सुरक्षा गार्ड डोनाल्डोका साथी थिए। उनले कम्प्युटरमा हेरे र भने त्यस दिन त कोही पनि आएनन्। अत्यन्तै चकित भएर डोनाल्डोले ठुलो स्वरले व्यक्त गरे, "अब मलाई थाहा भयो मेरो सट्टामा परमेश्वरले स्वर्गदूत पठाउनुभएर बाइबल सिकाए!"

कैदीहरूकहाँ गएर उनले सुनाएकी तिनीहरूले स्वर्गदूतलाई देखेको हुनुपर्दछ।

छ वर्ष पछि सबै जसो ३८ कैदीहरूले आफ्ना हृदय येशूलाई सुम्पे र बप्तिस्मा लिए। तर त्यो दिनको बारेमा आफूले कहिल्यै नबिर्सिने डोनाल्डोले बताए। "यो विश्वासै गर्न नसकिने कथा भएतापनि परमेश्वरले उहाँका स्वर्गदूत पठाउनुभएको थियो भनेर म विश्वास गर्छु," उनले भने।